# रानी जमरा कुलारिया सिंचाई आयोजना

# टिकापुर, कैलाली

General Layout Plan of RJKIP Poject, Tikapur, Kailali




## आ.व. २०७५/७६ को प्रगति विवरण

## श्रावण, २०७६

# रानी जमरा कुलरिया सिंचाइ आयोजना

## १.आयोजनाको नाम, पृष्ठभूमी, शुरु तथा सम्पन्न हुने मितिः



यस आयोजना बाट कृषकहरु द्वारा व्यवस्थित र संचालित रानी, जमरा र कुलरिया सिचाई प्रणालीको १४,३०० हेक्टर, नयाँ सिंचित क्षेत्र विकास अन्तर्गत लम्की बिस्तारको ६००० हेक्टर तथा पथरैया नदि देखि कान्द्रा नदि सम्मको १८,००० हेक्टर गरि कुल जम्मा ३८,३०० हेक्टर जमिनमा वर्षै भरि सिचाई सेवा उपलध गराउने उधेश्य रहेको छ | रानी, जमरा र कुलरिया सिंचाइ प्रणाली नेपालको सुदूर पश्चिम प्रदेश, कैलाली जिल्लामा अवस्थित कृषकबाट निर्माण गरी व्यवस्थापन समेत गरिएको सवै भन्दा ठूलो सिंचाइ प्रणाली हो । यस प्रणालीको पानीको श्रोत कर्णाली नदीको पश्चिमी भङ्गालो झरही नाला रहेको छ । यस प्रणालीको निर्माण करीव १ सय वर्ष अगाडी थारु समुदायको अथक प्रयासबाट भएको बुझिन्छ । रानी कूलो वि.सं. १९५३ सालमा पदम कुमारी शाह, कुलरीया कूलो वि.सं. १९६० मा पूर्व कर्णल ढुण्डीराज शाही तथा जमरा कूलो वि.सं. १९७२ मा मधु महतौ तथा कनैया महतौ बाट शुरु गरिएको बुझिन्छ ।

यस कृषक निर्मित्त प्रणालीले कैलाली जिल्लाको साबिकको ८ गा.वि.स. (पत्थरैया, दुगौंली, जानकीनगर, प्रतापपुर, धनसिंङपुर, नारायणपुर, वलिया र मुनुवा) हाल जानकी गाउँपालिका र टीकापुर नगरपालिकाको गरी जम्मा करिव ११,३०० हेक्टर जमिनमा सिंचाइ सुविधा उपलव्ध गराउंदै आएको देखिन्छ भने उक्त प्रणालीहरुको आधुनिकिकरण/सुद्रिढीकरण पश्चात ११,३०० हेक्टर बाट १४,३०० हेक्टर जमिनमा सिचाई सुबिधा उपलध हुने देखिन्छ । यस प्रणालीको दक्षिणी भागमा सिंचाइ गर्न रानी सिंचाइ प्रणाली, मध्ये भागमा जमरा र उत्तरी भागमा कुलरीया

सिंचाइ प्रणाली व्यवस्था भएको देखिन्छ । यी प्रणालीहरुको व्यवस्थापन आ—आफ्नो प्रणालीको जल उपभोक्ता संस्था (कुलो संस्था) रहेको र यी तिनै प्रणालीको संयुक्त व्यस्थापन तथा समन्वयको लागी रानी जमरा कुलरीया जल उपभोक्ता संस्था रहेको छ ।

यस कृषक निर्मित्त तथा व्यवस्थित सिंचाइ प्रणालीलाई संचालन गर्न कृषकहरुले प्रत्येक वर्ष झरही नालामा स्याउला (झारपात), ढुङ्गा आदीको अस्थायी बाधँ बनाइ नदीको वगरमा कुलो खनी आ—आफ्नो सिंचाइ प्रणालीका लागि पानी लैजाने व्यवस्था मिलाउदै आएको बुझिन्छ । अस्थायी बांध र नदीको बगरमा बनाइएको कुलो प्रत्येक वर्ष कर्णाली नदीको बाढीले बगाउने र सिंचाइ गर्न प्रत्येक वर्ष उपभोक्ताहरुले पुनः बाधँ बाध्नु पर्ने अवस्था सिर्जना हुनुका साथै कर्णाली नदीमा आउने बाढीले वनाइएको बाधँ र नदीको वगगरमा वनाइएको नहरलाई क्षति गर्ने गरेको र उपभोक्ताहरुले उक्त क्षेतिग्रस्त प्रणालीलाई बेला बेलामा आवश्यकता अनुसार र्ममत गरी प्रणालीलाई सञ्चालनमा ल्याउनु परेको छ ।

विगतमा कर्णाली नदीको पश्चिमी भङ्गालो (झरही नाला) मा सुख्खा याममा पनि प्रयाप्त पानी रहने गरेकोले उपभोक्ताहरुलाई आफ्नो प्रणालीमा पानी लैजान सजिलो रहेको तर करीव २ दशक अघि देखि कर्णाली नदी पुर्व—पश्चिम राजमार्गको कर्णालीको पुल भन्दा तल (D/S) देखि पूर्व तर्फबाट वगेकोले कृषकद्वारा प्रणालीमा व्यवस्थित पानी ल्याउन कृषकहरुलाई समस्या परिरहेको अवस्था थियो । सुख्खा याममा कर्णाली नदीको पानी कृषक प्रणालीमा ल्याउन करिव ३.५ कि.मी. जति कर्णाली नदीको वगरमा कुलो निर्माण गर्नुपर्ने अवस्था रहेको र उक्त कुलो निर्माण गर्दा नदीको वगरमा ढुङ्गा, गिट्टि, बालुवा आदीमा खनी कुलो निर्माण गर्नुपर्ने र कुनै कुनै ठाउंमा करिव ५.५ मी गहिराईसम्म पनि खन्नुपर्ने अवस्था रहेको थियो । प्रत्येक वर्ष नदीको वगरमा खन्नपर्ने र अस्थायी बांध बनाउनु पर्ने वाध्यताले उपभोक्ता कृषकहरु चिन्तित रहेको र उनीहरुबाट निर्मित्त र संचालित पुर्खौली कुलोको भविष्यको साथै यस कुलामा आश्रित कृषकहरुको भविष्य समेत जोखिममा परेको अवस्था रहेको थियो । माथि उल्लेखित समस्याहरुका साथै प्रणालीमा चेक संरचना (Control Structure) नभएकोले कर्णाली नदीको पानीको सतह अनुसार कुलोको पानीमा हेरफेर हुने, बाढीको समयमा अत्याधिक पानी कुलोमा

प्रवेश गरी कहीं बालुवा, गेगर आदी थुप्राउने (Siltation) त कहीं नहर प्रणालीको माटो खियाउने (Erode) गरेको अवस्था छ । बाढीको बेला अनियन्त्रित पानी प्रणालीमा प्रवेश गर्दा यस प्रणालीको सिंचित क्षेत्र र यस वरीपरिको क्षेत्रमा समेत पानी जम्ने (Water Logging) को समस्या, सिंचित क्षेत्र कटान तथा बाटो घाटोमा पानी जम्ने आदीको समस्या हुने हुँदा आवत जावतमा पनि अवरोध हुने स्थिति रहेको थियो ।

माथि उल्लेखित समस्याहरुको समाधानार्थ यस प्रणालीका उपभोक्ता कृषक, यस क्षेत्रका राजनैतिक व्यक्तित्वहरु, समाजसेवी तथा सिंचाइ कार्यालयको सामुहिक प्रयासमा रानी जमरा कुलरिया सिंचाइ प्रणालीको विकास उपलव्धीमुलक हुने तथा यसको विकासले राष्ट्रको अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने देखिएकोले नेपाल सरकारले यस प्रणालीको विकासको लागि प्राथमिकता दिएको छ ।

हाल नेपाल सरकारको प्राथमिकता प्राप्त (P1) योजनाको सूचीमा समावेश भएको तथा निर्माण कार्यमा तिब्रता ल्याउन नेपाल सरकारले जारी गरेको आर्थिक विकास र समृध्दीको तत्कालिन कार्ययोजना, २०६८ मा यस आयोजनालाई राष्टिय गौरवका परियोजनाहरुमा समेत समावेश गरिएको छ । त्यसै गरी मिति २०६८ फाल्गुण १६ को सिंचाई मंत्रालयको सचिवस्तरीय निर्णयानुसार रानी जमरा कुलरीया सिंचाइ आयोजनाको कुल १२ अर्ब ६३ करोड २१ लाख को खरिद गुरु योजना स्वीकृत भएको थियो | जस अनुसार आ.ब. २०६४/६५ मा सुरु भै आ.ब. २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। यसका साथै मिति २०७४/१२/१५ मा उर्जा, जलश्रोत तथा सिचाई मंत्रालयको सचिवस्तरीय निर्णयानुसार आयोजनाको कुल लागत रु २७,७०,२४,०४,००० को अद्यावधिक खरिद गुरुयोजना स्वीकृति भएको छ |

## २. आयोजनाको कार्यक्षेत्र तथा उद्देश्यः

दूरदृष्टि (Vision) : कैलाली जिल्लाको कृषकहरुको जीवनस्तरमा सुधार ल्याइ गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।

मिसन (Mission) :कैलाली जिल्लाको कृषि योग्य जमिनमा भरपर्दो सिंचाइ पूर्वाधार विकास गरी कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

उद्देश्य (Objectives) : कैलाली जिल्लाको साबिकको ८ गा.वि.स.(पत्थरैया, दुर्गौली, जानकीनगर, प्रतापपुर, धनसिंङपुर, नारायणपुर, वलिया र मुनुवा) हाल जानकी गाउँ पालिका, टिकापुर नगरपालिका र लम्की चुहा नगरपालिका अन्तरगतको ३८,८०० हेक्टर कृषियोग्य जमिनमा बर्षै भरी सिंचाइ सेवा उपलब्ध गराउने । यस आयोजनका प्रमुख क्रियाकलाप तथा उद्देश्यहरु निम्नानुसार रहेको छ ।

- कर्णाली नदीमा पूर्व—पश्चिम राजमार्गको पुल भन्दा १२० मी. तल(D/S) **तीन वटै** प्रणालीको आवश्यकता पूर्ति गर्ने गरी इन्टेक निर्माण गर्ने ।
- इन्टेक देखि नयाँ शाखाको र फिडर नहरको मुख सम्म करिब ८.८७५ की.मी मूल नहर र त्यहाँबाट दक्षिण तर्फ कुलरीया र जमराको इन्टेक हुदै रानी नहर प्रणालीको मुहानसम्म करीव १०.६० की.मी लम्वाइको फिडर नहर (Feeder Canal) तथा पश्चिम तर्फ लम्की विस्तार (६००० हेक्टर) **अन्तर्गत** पथरैया नदि सम्मको १४.६० कि.मी. नहर र पथरैया नदि देखि कान्द्रा नदि सम्म थप १८,००० हेक्टर को लागि १८ कि.मी. नहर तथा संरचनाहरु निर्माण गर्ने ।
- सिंचाइको लागी सम्भाव्य रहेको नयाँ क्षेत्र करिब ६,००० हे. (लम्की विस्तार) र पथरैया नदि देखि कान्द्रा नदि सम्म को १८००० हे. (CCA) जमीनमा थप सिंचाइ सेवाको विस्तार गर्ने ।
- प्रचुर मात्रामा सिंचाइको लागि पानीको उपलब्धता गराउने र वर्षैभरी सिंचाइ सुविधा पुऱ्याई कृषि उत्पादनमा वृद्धि गर्ने ।
- सिंचित क्षेत्रमा जमेको पानी निकासको उचित व्यवस्था गर्ने तथा सिंचित क्षेत्र वचाव कार्य गर्ने ।
- सिंचित क्षेत्रका कृषक गाउंले सडकहरुको करिव २३७ कि.मी. सुधार गरी कृषि उत्पादनलाई सजिलो तरीकाले बजारसम्म पहुंचको व्यवस्था गर्ने ।
- सिचिंत क्षेत्रका कृषकहरुको प्रति व्यक्ति आयमा बृद्धि गर्ने ।
- कृषि तथा सिंचाइ विकासको लागि कार्यक्रम तर्जुमा गर्ने। उत्पादकत्वमा बृद्धिका लागी कृषि तथा सिंचाइ विकासका लाइ समन्वय गरी लैजाने ।

- सामाजिक परिचालन मार्फत सामाजिक—शिक्षा र स्वास्थ्यमा पहुँच बृद्धि गरि समाजमा रहेका कुरीति तथा कुप्रथाहरूको विस्थापन हुने र स्वस्थ, समृद्ध समाजको विकास गर्ने |
- उपभोक्ताहरुको सस्थागत विकास गर्ने तथा सिंचाइ सेवा शुल्क उठाउनका लागी उपभोक्ताहरू मा सचेतना बृद्धि गर्ने ।
- आयोजनाबाट करिब २,००,००० जनसंख्या लाभान्वित हुनेछन । जसमध्ये ५५ प्रतिशत आदिवासी जनजाति, १५ प्रतिशत दलित तथा ३० प्रतिशत ब्राम्हण, क्षत्री लगायत अन्य रहेका छन् ।

## ३. आयोजनाको कुल लागतः

मिति २०६८/११/१६, सिचाई मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार स्वीकृत खरिद गुरुयोजना बमोजिम आयोजनाको कुल लागत रु १२,६३,२१,००,००० (अक्षरेपि बाह्र अरब त्रिसठ्ठी करोड एक्काइस लाख) रहेको थियो | स्वीकृत गुरुयोजना लाई अद्यावधिक गरि कुल लागत रु २७,७०,२४,०४,००० को अद्यावधिक खरिद गुरुयोजना मिति २०७४/१२/१५ मा उर्जा, जलश्रोत तथा सिचाई मंत्रालय बाट स्वीकृत भएको छ | स्वीकृत खरिद गुरुयोजना बमोजिम यस आयोजना आ.व. २०८०/८१ मा सम्पन्न गरिने लक्ष्य रहेको छ |

## ४. खर्च ब्यहोर्ने स्रोतः

यस आयोजनामा नेपाल सरकार र बिश्व बैंकको संयुक्त लगानी रहेको छ जस मध्ये नेपाल सरकारको रु १७ अर्ब ७४ करोड ७२ लाख, बिश्व बैंकको पहिलो र दोश्रो चरण गरि जम्मा ९ अर्ब ९५ करोड ५१ लाख रहेको छ | बिश्व बैंकको सहयोग दुई चरणमा गरिने प्रताब गरिएको थियो | पहिलो फेज अन्तर्गत रानी जमरा कुलरीया सिंचाई प्रणाली आधुनिकिकरण/सुद्रिढीकीकरण (Modernization of Rani Jamara Kulariya Irrigation Scheme-Phase I, MRJKIS) को लागि विश्व बैंकको ४३ मिलियन डलर (५५% ऋण र ४५% अनुदान), नेपाल सरकारको ५ मिलियन डलर तथा उपभोक्तबाट १ मिलियन डलर गरी जम्मा ४९ मिलियन डलर खर्च हुने कार्यक्रम रहेको थियो | उक्त पहिलो फेजका सम्पूर्ण कार्यक्रमहरु

सम्पन्न भैसकेको छ भने बिश्व बैंकको दोश्रो फेजको लागि मिति २०७५/०१/२७ मा नेपाल सरकार र बिश्व बैंक बिच कुल जम्मा ७२ मिलियन डलर (नेपाल सरकार-३ मिलियन डलर, बिश्व बैंक-६६ मिलियन डलर र उपभोक्ता समिति-३ मिलियन डलर) को ऋण सम्झौता भएको थियो | उक्त दोश्रो फेजका कार्यक्रमहरु मिति २०७५/०१/२७ मा नेपाल सरकार र बिश्व बैंक बिच ऋण सम्झौता सम्पन्न भइ मिति २०७५/०४/०२ मा कार्यान्वयनका लागि बिश्व बैंक बाट स्वीकृति प्राप्त भएको छ |

## ५. आ.व. २०७५/७६ को बजेट तथा खर्च

| आ.व. २०७५/७६ को | | | |
|---|---|---|---|
| विनियोजित बजेट | खर्च | भौतिक प्रगति | वित्तिय प्रगति |
| कुल बजेट : २,९३,८७,५०,००० | १,५१,०३,७९,२७४.६१ | ८०.६४% | ५१.४०% |
| नेपाल सरकार : १,५८,५६,५०,००० | १,४९,४१,३८,३७९.२२ | | |
| बिश्व बैंक :१,३५,३१,००,००० | १,६२,४०,८९५.३९ | | |

### ६. हाल सम्मको भौतिक प्रगति

हाल सम्म यस आयोजना अन्तर्गत संचालित विभिन्न क्रियाकलापहरुको भौतिक प्रगति विवरण निन्म्नान्नुसर रहेको छ |

### ६.१ नेपाल सरकारको लगानीमा संचालित विभिन्न कार्यक्रमहरु

### ६.१.१ साइड इन्टेक निर्माण (RJKIP/ICB-०१/०६८/६९)

चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण कार्य आ.व. २०७०/७१ मा सम्पन्न भइसकेको छ ।

६.१.२ **Design, supply, fabrication, erection and commissioning of hydromechanical and control system works for headworks (RJKIP/GATEWHR/NCB-01/073/074)**



चिसापानीमा निर्माण सम्पन्न भएको साइड इन्टेकमा गेट जडान तथा अपेरटर भवन निर्माण कार्यको लागि मिति २०७५/०३/०४ मा निर्माण व्यवसायी संग सम्झौता भएको थियो | इन्टेकमा जम्मा आठ (८) वटा head regulator गेट जडान गर्नु पर्ने र हाल सम्म उक्त आठ वटा गेट मध्ये तीन (३) वटा गेट जडान भइ hoisting समेत भैसकेको र बाँकी पांच (५) वटा गेट समेत placing कार्य सम्पन भइ hoisting को कार्य सुचारु रहेको छ भने चार गोटा अपेरटर भवनको निर्माण कार्य भैरहेको छ |

६.१.३ **मूल नहर तथा संरचना निर्माण (RJKIP/Main Canal/ICB-०२)**

यस प्याकेज अन्तर्गत मूल नहर लाइनिंग, ब्यारेल निर्माण, सेतलिंग बेसिन निर्माण कार्य सम्पन्न भएको र हाल सम्मको भौतिक प्रगानी ९५% रहेको छ | यस प्याकेज अन्तर्गत हाल सम्म निर्माण गरिएका विभिन्न संरचनाहरुको भौतिक प्रगति विवरण निम्नानुसार रहेको छ |

| सि.न. | क्रियाकलाप | इकाई | लक्ष्य | भौतिक प्रगति | |
|---|---|---|---|---|---|
| | | | | आ.व.२०७५/७६ | हाल सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | मूल नहर लाइनिंग कार्य | कि.मि. | २.८६ | ८८० मी. | २.८६ |
| २. | मूल नहरमा ब्यारेल निर्माण कार्य | मि. | १९०८ | - | १९०८ |
| ३. | Settling Basin निर्माण | वटा | १ | - | १ |
| ४. | नदि नियन्त्रण कार्य | कि.मि. | ५.६० | ३०० मी. | २.८ |






मूलनहर लाइनिङ्ग तथा सेतलिंग बेसिन

६.१.४ मूल नहर, फिडर नहर तथा पावर हाउस निर्माण (RJKIP/MC,FC,HP/ICB-03)

यस प्याकेज अन्तर्गत करिव ३५०० गोटा रुख कटानीको कार्य सम्पन्न भइ मूल नहर लैनिंग र फिडर क्यानल लाइनिंग कार्य ९० प्र.श. सम्पन्न भएको छ। यस ठेक्कामा हालसम्म ६५% काम सम्पन्न भएको छ। ४.७१ मे.वा. हाईड्रोपावर प्लान्टको Electromechanical Parts **हरु** साइटमा डेलिभरी भैसकेको छ | त्यस्तै बलचौर स्थित मुलनहरको रेखाङ्कनमा पर्ने मुक्त कमैयाहरूको उचित व्यवस्थापन को लागि पथरैया ग.वि.स. वडा न. २, अमौरिको जग्गामा पुर्नवास गराउन जग्गा खरिद गरि जग्गा हस्तान्तरण भइ घरको क्षेतिपूर्ति वितरण भैसकेको छ | यस प्याकेज अन्तर्गत हाल सम्म निर्माण गरिएका विभिन्न संरचनाहरुको भौतिक विवरण निम्नानुसार रहेको छ |

| सि.न. | क्रियाकलाप | इकाई | लक्ष्य | भौतिक प्रगति | |
|---|---|---|---|---|---|
| | | | | आ.व.२०७५/७६ | हाल सम्म |
| १. | मूल नहर लाइनिंग कार्य | कि.मि. | ३.० | ८५० मी. | २.५१५ कि.मी. |
| २. | मूल नहरमा संरचना निर्माण कार्य | वटा | ११ | - | १ वटा Box culvert, २ वटा **hume pipe culvert,** ६ वटा Drain Syphon र २ वटा **VRB** निर्माण कार्य सम्पन्न भएको |
| ३. | फिडर नहर निर्माण | कि.मि. | २.७ | ७०० मी. | २.० कि.मि. |
| ४. | फिडर नहरमा संरचना निर्माण | गोटा | ४ | **Wildlife crossing** १ गोटा र इस्केप संरचना १ गोटा | **Wildlife crossing** १ गोटा, इस्केप संरचना १ गोटा, चेनेज ८+८१५मा **bifurcation structure**को निर्माण ९५% सम्पन्न, पावर हाउस को **raft foundation** निर्माण भैरहेको |
| ५. | हाईड्रोपावर प्लान्ट (४.७१ मे. वा.) | वटा | १ | बिभिन्न इलेक्ट्रो-मेक्यनिकल सामाग्रीहरुको **manufacture** भइ साइटमा डेलीभरि गरिएको | बिभिन्न इलेक्ट्रो-मेक्यनिकल सामाग्रीहरुको **manufacture** भइ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | साइटमा डेलीभरि भएको र इन्स्टलेसन, testing कार्य बाँकी रहेको |
| ६. | नदि नियन्त्रण कार्य | कि.मि. | ४.४५ | ४८० मी. | ३.८५ कि.मि. |





फिडर नहर लाईनिंग (पावर हाउसको D/S) मूल नहर लाइनिंग (सेतलिंग बेसिनको D/S)

### ६.१.५ नयाँ शाखा नहर तथा संरचना निर्माण (RJKIP/LAMKI EXTENSION/ICB-०४)

यस आयोजना अन्तर्गत थप सिंचित क्षेत्र विस्तार (लम्की विस्तार, ६००० हेक्टर) कार्यको लागि मिति २०७३/०४/२३ (August 07, 2016) मा निर्माण व्यवसायी श्री कालिका/कुमार जे.भी. संग सम्झौता भएको थियो | मिति २०७४/१०/१५ मा नेपाल सरकार बाट नहरको रेखांकनमा पर्ने रुखहरु कटानको लागि स्वीकृति प्राप्त भएको तथा मिति २०७४/१२/१२ मा नहरको रेखांकनमा पर्ने जग्गा प्राप्तिको लागि स्वीकृति प्रदान भएको थियो | यस प्याकेज अन्तर्गत हाल सम्म निर्माण गरिएका विभिन्न संरचनाहरुको भौतिक विवरण निम्नानुसार रहेको छ |

| सि.न. | क्रियाकलाप | इकाई | लक्ष्य | भौतिक प्रगति | |
|---|---|---|---|---|---|
| | | | | आ.व.२०७५/७६ | हाल सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | मूल नहर लाइनिंग कार्य | कि.मि. | १४.६० | ४.५ कि.मी. | ४.५ कि.मी. सम्पन्न करिब १ कि.मी. मा लाइनिंग भैरहेको |
| २. | रुख कटान कार्य | गोटा | २६६८ | - | २६६८ |
| ३. | जग्गा अधिग्रहण | हेक्टर | ४५ | नहर रेखांकनमा पर्ने घर, जग्गा तथा संरचनाहरुको मुआब्जा निर्धारण भइ मुआब्जा रकम वितरण गर्ने कार्य गरिएको | | नहर रेखांकनमा पर्ने घर, जग्गा तथा संरचनाहरुको मुआब्जा निर्धारण भइ मुआब्जा रकम वितरण गर्ने कार्य गरिएको | |
| ४. | मूल नहरमा संरचना निर्माण कार्य | वटा | ४० | १ वटा नहर syphon, २ वटा VRB, ६ वटा drain syphon निर्माण सम्पन्न भएको | २१ वटा संरचनाहरुको निर्माण कार्य सम्पन्न |



Canal lining works



Drain Under Pass (DUP)

### ६.१.६ नयाँ शाखा नहर विस्तार पथरैया देखि कन्द्रा खोला सम्म (१८,००० हेक्टर)

पथरैया नदि देखि कन्द्रा नदि सम्मको १८,००० हेक्टर जमिनमा थप सिंचाई सुबिधा उपलब्ध गराउने कार्यको बिस्तृत सर्भेक्षण तथा अध्ययन कार्यको लागि परामर्शदाता छनोट भै सर्भेक्षण

कार्य भैरहेको छ | परामर्शदाताबाट उक्त कार्यको **Field Report** सम्बन्धि प्रस्तुतीकरण तथा रिपोर्ट आयोजनामा पेश गरिएको र **Draft Report** को तयारी भैरहेको छ |

### ६.१.७ **भवन निर्माण कार्य**

यस आयोजना अन्तर्गत हाल सम्म कार्यालय/स्टाफ क्वाटर भवन ६ वटा निर्माण सम्पन्न भइ प्रयोगमा रहेका छन् | प्रत्यक शाखा नहरको लागि १/१ र मूल समितिका लागि १ गरि जम्मा ४ वटा भवनहरु तथा रानी, जमरा र कुलरिया सिचाई प्रणाली अन्तर्गत प्रत्येक प्रणालीको लागि तिन तिन वटा गरि जम्मा ९ गोटा गेट अपरेटर भवनहरुको समेत निर्माण सम्पन्न भइ प्रयोगमा रहेका छन् |

### ६.१.८ **सिंचित क्षेत्र बचावट कार्य**

सिंचित क्षेत्र बचावका लागि कर्णाली, पथरैया तथा मोहना नदीहरुमा तटबन्ध निर्माण गर्ने लक्ष्य भए अनुसार प्रत्येक आ.व.मा विभिन्न स्थानहरुमा नदि नियत्रणका कार्यहरु भैरहेका छन् । आ.व. २०७५/७६ मा नेपाल सरकार अन्तर्गत निर्माण गरिएका तटबन्धको विवरण निम्नानुसार रहेको छ |

| सि.न. | ठेक्का नम्बर | क्रियाकलाप | लक्ष्य | इकाई | भौतिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | | | आ.व.२०७५/७६ | हाल सम्म |
| १. | RJKIP/RT/NCB-01/074/-75 | सिंचित क्षेत्र बचावट कार्य- कर्णाली नदि, दौलतपुरघाट र संकतिघाट | ३.० | कि.मि. | १.८५ | १.८५ |
| २. | RJKIP/RT/NCB-04/074/-75 | सिंचित क्षेत्र बचावट कार्य- पथरैया नदि, उत्तरपूर | १.१ | कि.मि. | १.०७५ | सम्पन्न |
| ३. | RJKIP/RT_Charela/NCB-05/074-75 | सिंचित क्षेत्र बचावट कार्य- चरेला नदि, लम्की चुहा न.पा. | | कि.मि. | २.४० | २.४० |
| ४. | RJKIP/RT_Chori/NCB-06/074-75 | सिंचित क्षेत्र बचावट कार्य- चोरी नदि, लम्की चुना न.पा. | | कि.मि. | ०.९५ | ०.९५ |
| ५. | RJKIP/RT_Rora/NCB-07/074-75 | सिंचित क्षेत्र बचावट कार्य- रोरा नदि, लम्की चुना न.पा. | | कि.मि. | १.३८ | १.३८ |



कर्णाली नदि, संकतिघाट



कर्णाली नदि, दौलतपुरघाट



चरेला नदि, लम्की चुहा न.पा.



चरेला नदि, लम्की चुहा न.पा.

### ६.२ बिबिध कार्यहरु

- यस आयोजना अन्तर्गत संचालनमा रहेका बिभिन्न अन्तरास्ट्रिय ठेक्का प्याकेजहरुको निर्माण कार्यको सुपरिवेक्षण, गुणस्तर नियन्त्रण, ठेक्का व्यवस्थापन आदिका लागि बिभिन्न

परामर्शदाताहरुसंग सम्झौता भई निर्माण कार्यको सुपरिवेक्षण, गुणस्तर नियन्त्रण तथा ठेक्का व्यवस्थापन कार्य भइरहेको छ ।

## ६.३ विश्व बैंकको ऋण सहयोगमा संचालित दोश्रो फेज अन्तर्गतका विभिन्न कार्यक्रमहरु (MRJKIS Phase 2):

विश्व बैंकको सहयोग अन्तर्गत दोस्रो चरणको आयोजनाको लागि ७२ मिलीयन अमिरिकी डलर ऋण सहयोगको लागि मिति २०७५/०१/२७ मा नेपाल सरकार र बिश्व बैंक बिच ऋण सम्झौता भएको थियो | दोश्रो चरणका कार्यक्रमहरु जुलाई १०, २०१८ देखि **effective** भएको छ| यसमा जम्मा निम्न ३ कम्पोनेन्ट रहेका छन् |

१. सिंचाई संरचना निर्माण (Scheme Modernization): ५३ मिलियन अमेरिकी डलर (Command Area Development :CAD)
२. संस्थागत क्षमता विकास र कृषि उत्पादन सहयोगः १३.५ मिलियन
३. आयोजना ब्यबस्थापनः ५.५ मिलियन

चालु आ.व. मा दोश्रो फेज अन्तर्गत भएका क्रियाकलापहरुको प्रगति विवरण निम्नानुसार रहेको छ |

| सि.नं. | कार्यक्रम | हाल सम्मको भौतिक प्रगति |
|---|---|---|
| १. | सिंचित क्षेत्र विकास कार्य (रानी, जमरा र कुलरिया सिचाई प्रणाली) | फिल्ड भेरिफिकेसन पश्चात लागत इस्टिमेट स्वीकृति भइ बोलपत्र आहवान गरिएकोमा बोलपत्र रद्ध गर्नु पर्ने भएकोले स्वीकृतिको लागि विश्व बैंकमा पेश गरिएको | |
| २. | सिंचित क्षेत्र बचावट कार्य- पथरैया नदि | बोलपत्र आहवान गरिएकोमा पेश भएका सम्पूर्ण बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा उतिर्ण नभएकोले पुनः बोलपत्र आहवानको लागि बिश्व बैंक संग छलफल गरि आवश्यक तयारी भैरहेको | |
| ३. | सिंचित क्षेत्र बचावट कार्य- मोहना र पथरैया नदि (डल्फिन एरिया) | निर्माण व्यवसायी छनौट कार्य गरिएको |
| ४. | सिंचित क्षेत्र विकास कार्य अन्तर्गत दोश्रो चरणका कार्यक्रमहरुको Design | अन्तरास्ट्रिय स्तरको परामर्शदाता छनौटको RFP को मुल्यांकनको क्रममा PPMO र World Bank संग राय माग गरिएको |

| | | |
|---|---|---|
| | Review, Construction Supervision, Quality Control | |

## ७. आयोजनाले भोगेका समस्या, समस्या समाधानका लागी भएका प्रयासहरु

### ७.१ नहर रेखांकनमा परेका जग्गा अधिग्रहण

- लम्की विस्तार (६,००० हेक्टर ) अन्तर्गत मूल नहरको रेखांकनमा परेका घर, जग्गाको कारणले सर्भेक्षण एवंम निर्माणमा अवरोध भएको थियो | नहर रेखांकनमा पर्ने जग्गा तथा संरचनाहरुको मुआब्जा निर्धारण भइ हाल मुआब्जा रकम वितरण कार्य भरहेको छ |

### ७.२ इन्टेक क्षेत्र भित्रको जग्गा अनधिकृत अतिक्रमण

इन्टेक क्षेत्रमा पूर्व क्षतिपूर्ति लिएका व्यक्तिहरुले समेत अतिक्रमण गर्ने गरेकोले सो रोक्न जिल्ला समन्वय समिति, नगरपालिका र सरोकारवालासंग छलफल गरिएको र अतिक्रमण रोक्नको लागि आवश्यक सहयोगको लागि जिल्ला समन्वय समिति, कैलालीलाई अनुरोध गरिएको |

७.३ बिश्व बैंकको ऋण सहयोगमा संचालन हुने दोश्रो फेजका क्रियाकलापहरु कार्यान्वयनको लागि कुनै पनि निर्माण कार्य संचालन गर्नु पुर्व site specific environment and social management plan तयार गर्नु पर्ने भएकोले दोश्रो फेजका कार्यक्रमहरु कार्यान्वयन हुन समय लागेको | स्थलगत निरिक्षण गरी Site specific Environment and Social Management Plan तयार गर्ने कार्य भैरहेको |

## ८. आयोजनाको हाल सम्म भएको प्रगति

| क्र.सं. | अवधि तथा विवरण | भौतिक | वित्तिय | कैफियत |
|---|---|---|---|---|
| १. | आयोजनाको कुल प्रगति (हाल सम्मको ) | ४३% | ४१.६६ % (रु ११,५३,९९,४६,४२१) | |

९. आयोजनाको हालसम्मको समग्र स्थिति (Overall Status)

| सि.नं. | विवरण | लक्ष्य | भौतिक प्रगति |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | साइड इन्टेक | १ वटा | सम्पन्न (आ.व.२०७०/७१ मा) |
| २. | इन्टेक संरचनामा गेट जडान तथा अपेरटर भवन निर्माण कार्य | १ वटा | चार वटा अपरेटर भवन निर्माण भैरहेको, आठ गोटा गेटहरु मध्ये तीन गोटा जडान भइ hosting सम्पन्न र बाँकी गेटहरु समेत जडान गरिएको |
| ३. | मूल नहर लाईनिंग कार्य | ५.८७५ कि.मि. | ५.३७५ कि.मि. सम्पन्न (बाँकी भागमा लाईनिंगको कार्य भैरहेको) |
| ४. | मूल नहरमा ब्यारेल निर्माण कार्य | १९०८ मि. | १९०८ मि. सम्पन्न |
| ५. | Settling basin निर्माण कार्य | १ वटा | १ वटा |
| ६. | जल विद्युत (४.७१ मे.वा. क्षमता) | १ वटा | बिभिन्न Electromechanical सामग्रीहरुको उत्पादन भइ हाल साइटमा डेलिभरी समेत भैरहेको र पावर हाउस को raft foundation को निर्माण कार्य गरिएको |
| ७. | नयाँ शाखा नहर निर्माण, लम्की विस्तार (६००० हेक्टर, ४० क्युमेक क्षमता) | १४.६० कि.मि. | नहर रेखांकनमा पर्ने जग्गाहरुको मुआब्जा दर निर्धारण गरिएको र मिति २०७५/११/०५ मा अधिग्रहण गरिएका जग्गाहरुको मुआब्जा वितरणको लागि १५ दिने सुचना जारी भइ मुआब्जा रकम वितरण भैरहेको \| ४.५ कि.मी. नहर लाइनिंग सम्पन्न र १.० कि.मी. मा लाइनिंग भैरहेको, २१ वटा संरचनाहरुको निर्माण सम्पन्न \| |
| ८. | नयाँ शाखा नहर निर्माण, पथरैया देखि कन्द्रा खोला सम्म विस्तार | १८.५० कि.मि. | बिस्तृत सर्भेक्षण तथा अध्ययन कार्यको लागि परामर्शदाता बाट फिल्ड रिपोर्ट पेश गरेको र ड्राफ्ट रिपोर्टको तयारी भैरहेको \| |
| ९. | फिडर नहर लाईनिंग कार्य | १०.२ कि.मि. | ९.६ कि.मि. सम्पन्न (बाँकी भागमा लाईनिंग कार्य भैरहेको) |
| १०. | फिडर नहरमा संरचना निर्माण कार्य | १८ वटा | १८ वटा सम्पन्न |
| ११. | रानी, जमरा र कुलरिया शाखा नहरहरुमा पानी नियन्त्रण संरचना निर्माण कार्य | ५० वटा | ५० वटा सम्पन्न |
| १२. | RCC Girder पुल निर्माण कार्य | ११ वटा | ११ वटा सम्पन्न |
| १३. | Box culvert निर्माण कार्य | ९ वटा | ९ वटा सम्पन्न |
| १४. | hume pipe कल्भर्ट निर्माण कार्य | ५५ वटा | ५५ वटा सम्पन्न |
| १५. | सिंचित क्षेत्र बचावट कार्य | ७० कि.मि. | ३५.० कि.मी. सम्पन्न |

| | | | |
|---|---|---|---|
| १६. | कृषि सडक स्तोउन्नती | २३७ कि.मि. | ११७ कि.मि. सम्पन्न |

१०. भावी कार्ययोजना

- कान्द्रा नदि सम्म नहर विस्तार गरि थप १८,००० हेक्टर जमिनमा सिचाई सुबिधा उपलब्ध गराउने
- उत्पादन हुने ४.७१ मेगा वाट विद्युतको संचालन मोडालिटी तयार गर्ने
- **लम्की क्षेत्रमा सिंचित क्षेत्र विकास** (command area development) **कार्यान्वयन गर्ने**



Intake



Gate Installation works at head regulator of side intake




Installation of Trash rack at the side intake



Operation of the side intake





Test run of Main Canal (u/s of Settling Basin)





Settling Basin

Settling Basin (Flushing Channel)



Main canal lining works (Downstream of Settling Basin)



Feeder canal lining works (Downstream of Power house)



Canal lining works (Lamki Extension)



Construction of Drain Under Pass (Lamki Extension)

Rani /Jamara/Kulariya Offtake







# Command Area Protection Works















फिडर नहर तथा संरचनाहरु



Water level and discharge regulator structure at Bhagraiya (Kulariya Branch Canal)



Water level and discharge regulator structure at Bijaynagar (Rani Branch Canal)